आज मिति २०८० साल माघ २१ गते आईतवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | – |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | – |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | – |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | – |
| १५ | सदस्य | श्री सुजता प्रधान | – |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | कार्यवाहक वडाध्यक्ष वडा नं २ | श्री विष्णु कुमारी राई | |
| २० | सचिव | श्री धन कुमार राई | |
| २१ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २२. | ~~बिपन~~ सु. ईन्जिनियर | बिपन सुवेदी | |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

०८०/१०/२१

अशोक राई अध्यक्ष

**प्रस्तावहरु**

१. करार कर्मचारीको म्याद थप सम्वन्धमा
२. अर्धवार्षिक समिक्षा गोष्ठि सम्वन्धमा
३. हिउँदे गाउँसभा सञ्चालन सम्वन्धमा
४. सहकारी ऋण कोषको लागि सूचना प्रकाशन सम्वन्धमा
५. विपन्न परिवारलाई आमचोक चिया तथा कफि सहकारी संस्थाको शेयर खरीद तथा वितरण सम्वन्धमा
६. गरिवि निवारण कोष अन्तर्गतको सामुदायिक संस्था र सदस्यहरुलाई सहकारीमा आवद्धता गराउने सम्वन्धमा
७. पर्यटन पूर्वाधार विकास आयोजना कार्यन्वयन सम्वन्धमा
८. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा
९. स्वास्थ्य शिविर व्यवस्थापन खर्च भुक्तानी सम्वन्धमा
१०. माहुरी पालन तालिमको सहभागीहरुको खाना तथा वास खर्च भुक्तानी सम्वन्धमा
११. एड्भान्स माहुरी पालन सिप विकास तालिम सञ्चालन सम्वन्धमा
१२. वडा कार्यालय भवन निर्माणको मुल्याङ्कन विल भुक्तानी सम्वन्धमा
१३. इलाका प्रहरी कार्यालय बालंखाको जग्गा सट्टा सम्वन्धमा
१४. कृषि तथा पशु विकास कार्यक्रम तर्फको सूचना प्रकाशन सम्वन्धमा
१५. जिल्ला सभामा माग गर्ने योजनाहरु सम्वन्धमा
१६. साना सिंचाई अन्तर्गतको योजनाहरु छनौट सम्वन्धमा
१७. जग्गा दाताहरुलाई सम्मान गर्ने सम्वन्धमा
१८. आर्थिक सहायता सम्वन्धमा
१९. सडक मर्मत सम्वन्धमा
२०. सडक खण्ड निर्धारण सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई कार्य सम्पादनको आधारमा तपशिल वमोजिमको करार तथा अस्थायी कर्मचारीहरुको म्याद २०८१ असार मसान्त सम्म थप गर्ने ।

**क. प्रशासन तर्फ (करार)**

| क्र.सं. | कर्मचारीको नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | राजेश राई | कम्प्युटर अपरेटर | गाउँपालिकाको राजश्व अनुदान | करार |
| २ | लाल बहादुर बस्नेत | व्याकहोलोडर अपरेटर | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ३ | श्री गंगा बहादुर कार्की | ह.चा.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ४ | श्री असिम राई | ह.चा.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ५ | श्री अर्जुन सुवेदी | ह.चा.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ६ | मनिराज कार्की | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ७ | प्रबिना राई | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ८ | समिक्षा राई | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ९ | अनिता राई श्रेष्ठ | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| १० | किसान राई | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ११ | प्रतिक्षा शंकर | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |
| १२ | अजय राई | का.स. | गाउँपालिकाको राजश्व अनुदान | करार |

**ख. प्रशासन तर्फ (अस्थायी)**

| क्र.सं. | कर्मचारीको नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | मिनराज बिष्ट | सहायक चौथो | गाउँपालिकाको राजश्व अनुदान पारिश्रमिक शिर्षक | अस्थायी |
| २ | मुना राई | सहायक चौथो | गाउँपालिकाको राजश्व अनुदान पारिश्रमिक शिर्षक | अस्थायी |
| ३ | बल बहादुर बिश्वकर्मा | का.स. | गाउँपालिकाको राजश्व अनुदान पारिश्रमिक शिर्षक | अस्थायी |
| ४ | कुमार खड्का | का.स. | गाउँपालिकाको राजश्व अनुदान पारिश्रमिक शिर्षक | अस्थायी |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

८०/१०/२१ अशोक राई अध्यक्ष

ग. सुचना प्रविधि तर्फ (करार)

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | नविन ढकाल | सूचना प्रविधि अधिकृत | ७५ प्रतिशत प्रदेश विकेन्द्रित स्थानीय शासन सहयोग कार्यक्रम र २५ प्रतिशत गाउँपालिकाको राजश्व अनुदान | करार |

घ. प्राविधिक तर्फ(करार)

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | विपन सुवेदी | इन्जिनियर | गाउँपालिकाको राजश्व अनुदान | करार |
| २ | गोपाल रम्तेल | सवइन्जिनियर- | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ३ | रमना विष्ट | असिष्टेन्ट सवइन्जिनियर- | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ४ | सुग्रिमा राई | सवइन्जिनियर- | गाउँपालिकाको राजश्व अनुदान | करार |
| ५ | हेमन्त प्रधान | असिष्टेन्ट सवइन्जिनियर- | गाउँपालिकाको राजश्व अनुदान | करार |

ङ. रोजगार सेवा केन्द तर्फ (करार)

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | सेन्मुहाङ्ग राई | असिष्टेन्ट सव(पाँचौ )इन्जिनियर- | प्रधानमन्त्री रोजगार कार्यक्रम | करार |
| २ | दिकपाल राई | रोजगार सहायक (पाँचौ ) | प्रधानमन्त्री रोजगार कार्यक्रम | करार |

च. कृषि तथा पशु विकास तर्फ (करार)

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | श्री लोक चन्द्र राई | कृषि स्नातक | कृषि तथा पशु कार्यक्रम शसर्त अनुदानको कृषि स्नातक करार शिर्षक | करार |
| २ | श्री सिताराम नेपाल | नापशु स्वास्थ्य प्राविधिक. | (कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम) कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता शिर्षक | करार |
| ३ | श्री श्रीराम खड्का | नाप्रास कृषि | " | करार |
| ४ | श्री अमृता राई | नाप्रास कृषि | " | करार |

छ) अपाङंगता रोकथाम तथा पुनस्थापना कायक्रम तर्फ (करार)

| क्र.सं. | नाम थर | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | श्री कला तोलाङ्गे | फिल्ड सहजकर्ता | अपाङ्गता रोकथाम तथा पुनस्थपना कार्यक्रम | करार |
| २ | श्री सुरेश सुवेदी | फिल्ड सहजकर्ता | " | करार |
| ३ | श्री सविना कवर | अपाङ्गता सहायक सहजकर्ता | " | करार |

ज. उद्यम विकास तर्फ (करार)

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | सरोज वि.क. | उद्यम विकास सहजकर्ता | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | करार |

झ. एमआइएस तर्फ (करार)

| क्र.सं. | नाम | पद | श्रोत | सेवा |
|---|---|---|---|---|
| १ | महेश राई | एम आइ एस अपरेटर | पञ्जिकरण विभाग ५० प्रतिशत र गाउँपालिकाको राजश्व अनुदानन वाट ५० प्रतिशत | करार |
| २ | केशर श्रेष्ठ | एम आइ एस फिल्ड सहायक | " | करार |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८०/१०/२१
अशोक राई
अध्यक्ष

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समिक्षा गोष्ठि २०८० माघ २८ गते आईतवारको दिन सञ्चालन गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को १५ औं हिउँदे गाउँसभा २०८० फाल्गुन १३ गते आईतवारको दिन सञ्चालन गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भई सहकारी ऋण कोषको लागि गत वर्ष लगानी गरिएको साँवा व्याज गरी जम्मा रु.५४,६०,०००। असुल गरी यस आ.व.मा विनियोजित रु.५,००,०००। गरी जम्मा रु.५९,६०,०००। सहकारी ऋण कोष सञ्चालन कार्यविधि २०७७ वमोजिम सहकारी संस्थाहरुलाई ऋण लगानी गर्नको लागी २१ दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि छलफल भइ आमचोक गाउँपालिकाको विपन्न परिवारलाई शेयर खरीद तथा वितरण सम्वन्धी मापदण्ड -२०७८ को दफा ४ को उपदफा(१) को अनुसूचि १ वमोजिम आमचोक गाउँपालिकाको १६१ जनालाई आमचोक चिया तथा कफि सहकारी संस्थाको शेयर खरीद तथा वितरणको लागि दफा ७ को उपदफा (४) वमोजिमको अति गरिव वर्गहरुको छनौटको लागि २१ दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल भई सहकारी शाखा मार्फत सहकारी संस्थाहरुसंग समन्वय गरी गरिवि निवारण कोष अन्तर्गतको सामुदायिक संस्था र सदस्यहरुलाई गरिबि निवारण कोषद्वारा हस्तान्तरित कोष सहित सम्वन्धित वडाहरुको सहकारी संस्थाहरुमा आवद्धता गराउने ।

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत धिन्तांग थलथले तिनचुले थाम डाँडा सहिद पार्क आमचोक ढुंगे धारा संरक्षण कार्य अन्तर्गत प्राप्त रु.१५०००००। वजेटवाट सहिद पार्क निर्माण र आमचोक ढुंगेधारा संरक्षण कार्य अन्तर्गत प्राप्त रु.१५०००००। वजेटवाट तिनचुले ढुङ्गेधारा संरक्षण तथा पर्यटन विकास कार्य गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिकको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम आन्तरिक राजश्वको गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००। का दरले ३ जनालाई (अक्षेरुपी तीनलाख मात्र) उपलव्ध गराउने ।

तपशिल

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरीक्ता प्रमाण पत्र नं./जन्म दर्ता प्र. प. नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएको/उपचाररत रहेको अस्पताल |
|---|---|---|---|---|---|
| १ | कर्ण बहादुर राई, ५६ बर्ष,पुरुष | आमचोक गा.पा., वडा नं.-०९ ,भोजपुर | ना प्र प नं,३८६६/१५७११८९६ . भोजपुर | क्यानसर | वि पि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ,धरान |
| २ | मिना कुमारी राई, ५४ बर्ष,महिला | आमचोक गा.पा., वडा नं.-०२ ,भोजपुर | ना प्र प नं ३८८/२९७/०१४७, भोजपुर | क्यानसर | बिराट नर्सिङहोम प्रलि |
| ३ | जित बहादुर बिष्ट | आमचोक गा.पा., वडा नं.-०१,भोजपुर | ना प्र प नं १२१४(-५१०) भोजपुर | क्यानसर | कोशी अस्पताल बिराटनगर |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

२०८०/१०/२१ अशोक राई अध्यक्ष

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई प्रदेश सांसद श्री विनोद वान्तवाको पहलमा आमचोक गाउँपालिकामा नोवेल अस्पतालको स्वास्थ्य कर्मीहरुको प्राविधिक सहयोगमा मिति २०८० पौष २४ गते स्वास्थ्य शिविर सञ्चालन भएकोले सो सिविरमा स्वास्थ्य कर्मीहरुको टोलिलाई खाना तथा वासको व्यवस्था गाउँपालिकाद्वारा गर्ने कार्यपालिकाको निर्णय भए वमोजिम रु.८००००।(अक्षेरुपी असीहजार मात्र) भुक्तानी दिने ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई जिल्ला घरेलु तथा साना उद्योग कार्यालयको तर्फवाट ७ दिने माहुरी पालन र ७ दिने माहुरी घार निर्माण सम्वन्धी तालिम सञ्चालन भएको र सहभागीहरुको लागि खाना तथा वासको व्यवस्था नभएकोले गाउँपालिका सदरमुकाम भन्दा टाढाका सहभागीहरुको लागी आर्थिक वर्ष २०८०/८१ को गाउँसभाले विनियोजनित अल्या विवध शिर्षकको मौरी पालन कार्यक्रम शिर्षकवाट सहभागीहरुको खाना तथा वास खर्चको रकम तपशिल वमोजिम भुक्तानी दिने ।

तपशिल

- इन्द्रेणी विन्दास होटल रु .४७०४०।
- अभिश्राम होटल रु.२९६४०
- जम्मा रु. ७६६८०।

**निर्णय नं.११**

प्रस्ताव नं.११ माथि छलफल भई गरिवि निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत आमचोक गाउपालिकाको वडा नं ७ र ५ को लघुउद्यमीहरुको लागि वडा नं ७ मा माहुरी पालन सम्वन्धी ७ दिने एडभान्स सिप विकास तालिम मिति २०८० माघ २४ गतेदेखि सञ्चालन हुने भएकोले माहुरी पालन तथा माहुरी घार निर्माण सम्वन्धी आधारभूत तालिम लिइसकेका अन्य वडाहरुवाट समेत १४ जनालाई सहभागीता गराउने । १४ जना सहभागीको खाना,खाजा,होटल वास , यातायात खर्च र तालिम सञ्चालनमा लाग्ने आवश्यक खर्चहरु आर्थिक वर्ष २०८०/८१ को गाउँसभाले विनियोजनित अल्या विवध शिर्षकको मौरी पालन कार्यक्रम शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१२**

प्रस्ताव नं.१२ माथि छलफल भई मिति २०८०/०३/२२ मा ठेक्का नं:ARM/WORKS/NCB/03/2079-80 "CONSTRUCTION OF WARD OFFICE BUILDING AT AAMCHOWK 6" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र मुकुल निर्माण सेवा को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट पहिलो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन र हालसम्मको मुल्यांकन वमोजिम तपशिल वमोजिम भुक्तानी दिने ।

तपशिल

- सम्झौता रकमः रु. ६५,६६,२५९।८५ ( मु.अ. क सहित)
- पहिलो रनिङ बिल बाट आएको रकमः रु. २५,१८,७९१।८७
- मु.अ.क (१३ %) : रु. ३,२७,४४२।९४
- जम्मा रकम मु अ क सहितः रु २८,४६,२३४।८१
- कन्टिनजेनसि (३%) : रु. ८५,३८७।०४
- मर्मत सम्भार(२%): रु. ५६,९२४।७०
- जम्मा खर्च रकमः रु. २९,८८,५४६।५५
- पेश्कि कट्टि : रु. १,५०,०००।-
- धरौटि कट्टि रकम(५%) : रु. १,२५,९३९,५९
- अग्रिम आय कर (१.५%) :रु ३७,७८१।८७
- अन्य कर : रु ९८,२३२।८८
- भुक्तानि हुने रकम : रु. २५,०९,८४४।२१

**निर्णय नं.१३**

प्रस्ताव नं.१३ माथि छलफल भई इलाका प्रहरी कार्यालय बालंखाको लागि आमचोक ४ मा हाल कार्यालय भवन रहेको जग्गासंग सिमान जोडीएको स्थानमा धरान उपमहानगरपालका वडा नं १५ स्थायी ठेगाना भएका राकेश राईको नाम्मा रहेको कित्ता नं.५२० वाट १ रोपनी जग्गा गाउँपालिकाले खरीद गरिदिने गरी प्रहरी कार्यालयको नाम्मा रहेको ६०२ कित्ता नं को १३ आना जग्गा गाउँपालिकाले प्रयोग गर्ने गरी प्रकृया अगाडी वढाउने ।

प्रमुख प्रशासकीय अधिकृत 2080/10/21

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८०/१०/२१
अशोक राई
अध्यक्ष

**निर्णय नं.१४**

प्रस्ताव नं १४ माथि छलफल भइ संघीय सरकार सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना र नेपाल सरकार वित्तिय समानिकरण अनुदान शिर्षकको विनियोजित कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदान हुने गरी तपशिल वमोजिम २१ दिनको प्रस्ताव आह्वान गर्ने ।

क) संघीय सरकार सशर्त अनुदान (प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना)

| क्र.सं. | कार्यक्रम | रकम | वजेट श्रोत | माग संख्या |
|---|---|---|---|---|
| १ | आ.व. २०७९/०८० मा स्थापना भएको सुन्तलाजात फलफुल पकेट विकास कार्यक्रम निरन्तरता(शसर्त) | ६००००० | संघीय सरकार सशर्त अनुदान | ४ वटा कृषक समूह/फर्म |
| २ | आ.व. २०७९/०८० मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता(शसर्त) | ७००००० | संघीय सरकार सशर्त अनुदान | ७ वटा कृषक समूह/फर्म |
| | **जम्मा** | **१३०००००** | | |

ख) नेपाल सरकार वित्तिय समानिकरण अनुदान अन्तर्गत

| क्र.सं. | कार्यक्रम | रकम | वजेट श्रोत | माग संख्या |
|---|---|---|---|---|
| १ | ड्राईगन फ्रुट खेती प्रवर्धन कार्यक्रम( नेपाल सरकार वित्तिय समानिकरण) | ३००००० | संघीय सरकार वित्तिय समानीकरण | २ वटा कृषक समूह/फर्म/सहकारी |
| २ | कागती खेती पकेट कार्यक्रम( नेपाल सरकार वित्तिय समानिकरण) | ३००००० | संघीय सरकार वित्तिय समानीकरण | २ वटा कृषक समूह/फर्म/सहकारी |
| | **जम्मा** | ६००००० | | |

ग) नेपाल सरकार वित्तिय समानिकरण अनुदान र शसर्त अनुदान(कृषि तथा पशु शाखा मार्फत खरीद गरी कार्यालय/कार्यपालिकाको निर्णय वमोजिम वितरण गर्ने)

| क्र.सं. | कार्यक्रम | रकम | वजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | महामारी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | १००००० | शसर्त | |
| २ | प्लाष्टिक स्प्रेयर खरिद तथा बितरण कार्यक्रम | ३००००० | संघीय सरकार वित्तिय समानीकरण | |
| ३ | किटनाशक बिषादी खरिद तथा बितरण कार्यक्रम | ३००००० | संघीय सरकार वित्तिय समानीकरण | |
| | **जम्मा** | **७०००००** | | |

**निर्णय नं.१५**

प्रस्ताव नं.१५ माथि छलफल भई जिल्ला समन्वय समिति भोजपुरको चलानी नं.९२,मिति २०८०/१०/१५ को पत्र वमोजिम यस गाउपालिकाको महत्व पूर्ण योजनाहरु स्तरीकरण गरि ३/३ वटा संघीय सरकार र प्रदेश सरकार अन्तर्गत तपशिल वमोजिम छनौट गरी पठाउने ।

संघीय सरकार तर्फ :

| क्र.सं. | योजनाको नाम | ठेगाना | अनुमानित लागत रकम | डिपिआर | कैफियत |
|---|---|---|---|---|---|
| १. | आमचोक दुधकोशी पाङ्चा बालंखा पान्धारे नागी चखेवा सडक कालोपत्रे | आमचोक | ९० करोड | भएको | ९२ कि.मि. सडक लम्बाई डिपिआर भएको |
| २. | बयाङ बसाईगाउँ डुम्रे एखुवाखोला हैखराङ सडक स्तरउन्नती | आमचोक-६, ७ र ८ | १० करोड | | २५ कि.मि. सडक लम्बाई रहेको |
| ३. | कभर्ड हल निर्माण | आमचोक-४ | ३ करोड | | जग्गा प्राप्ती भइसकेको |

प्रदेश सरकार तर्फ:

| क्र.सं. | योजनाको नाम | ठेगाना | अनुमानित लागत रकम | डिपिआर | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुम्माना दिलांपु हैखराङ एखुवाखोला सडक कालोपत्रे | | ५० करोड | | १४ कि.मि. सडक ट्याक खोलेको |
| २. | बालंखा बजार सडक ढलान तथा ढल निर्माण | आमचोक-४ | १२ करोड | भएको | |
| ३. | स्वास्थ्य चौकी भवन निर्माण | आमचोक-३ | ३ करोड | | जग्गा प्राप्ती भइसकेको ७ रोपनी |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

अशोक राई अध्यक्ष ०८०/१०/२१

**निर्णय नं.१६**

प्रस्ताव नं.१६ माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने साना सिंचाइ आयोजनाको लागि तपशिल वमोजिमको नया योजनाहरु सर्वेक्षण गर्नको लागि छनौट गर्ने ।

| क्र.सं. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | जोगेपाथर हिले खोला सिंचाई आयोजना | आमचोक-९ |
| २. | खुम्बे खोला टाङटुङ बुटाहुट सिंचाई आयोजना | आमचोक-२ |
| ३. | छोके खोला माङसेवा बमना सिंचाई आयोजना | आमचोक-२ |
| ४. | सिपाक खोला सिंचाई आयोजना | आमचोक-४ |
| ५. | माकुखोला खुम्तिङ सिंचाई आयोजना | आमचोक-१० |

**निर्णय नं.१७**

प्रस्ताव नं.१७ माथि छलफल भई आमचोक गाउँपालिकालाई निशुल्क जग्गा दिने जग्गा दाताहरुलाई गाउँपालिकाको तर्फवाट सम्मान गर्ने । सो सम्मान कार्यमा लाग्ने खर्च ( सम्मान पत्र,दोसल्ला,करुवा र अन्य खर्च) नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षकवाट भुक्तानी गर्ने ।

**निर्णय नं.१८**

प्रस्ताव नं.१८ माथि छलफल भई युवा सङ्गठन नेपालको पाँचौ राष्ट्रिय सम्मेलनको लागि आर्थिक सहायता माग भएकोले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षिकवाट रु.१००००।(दशहजार मात्र) भुक्तानी दिने ।

**निर्णय नं.१९**

प्रस्ताव नं. १९ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं ७ को सैलाम सागुरी सडक तत्काल मर्मत गर्नु पर्ने आवश्यक्ता देखिएकोले वडा सचिव मार्फत मर्मत सम्भार कोषवाट भुक्तानी दिने गरि वढीमा रु.१०००००।(एकलाख) खर्च हुने गरी अमानतमा मर्मत गर्ने ।

**निर्णय नं.२०**

प्रस्ताव नं.२० माथि छलफल भई नेपाल सरकार वित्तिय समानीकरण अनुदानको गाउँपालिका स्तरिय वयाङ्ग दुम्रे एखुवाखोला हैखराङ्ग सडक स्तरउन्नतीको लागि विनियोजित रकम रु.१० लाखले यस आर्थिक वर्ष वडा नं ७ र ८ को दुम्रे एखुवाखोला सडक खण्डको निर्माण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर

अशोक राई
अध्यक्ष